जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो ‘क’ वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ६६ • २०८३ साल साउन ९ गते शनिबार (25 July, Saturday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

### सीजेपीका दुई मागमा

## मोदी सरकार सकारात्मक

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको दिल्लीमा नीट प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर आन्दोलनरत सीजेपीका प्रवक्ता आशुतोष रांका र सौरभ दासले शुक्रबार केन्द्रीय मन्त्रीहरू जेपी नड्डा र जितेन्द्र सिंहसंग उच्चस्तरीय वार्ता गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ ।

वार्तापछि रांकाले सरकारले नीट परीक्षाका कारण आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने तथा आन्दोलनमा सहभागी विद्यार्थीहरूमाथि कुनै पनि कानुनी कारबाही नगर्ने मागमा सैद्धान्तिक सहमति जनाएको जानकारी दिए ।

उनका अनुसार केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको राजीनामाको मागबारे निर्णय गर्न सरकारले शनिबार दिउँसोसम्मको समय मागेको छ ।

नीट प्रश्नपत्र चुहावट प्रकरणपछि शिक्षा क्षेत्रमा सुधार र शिक्षा मन्त्री प्रधानको राजीनामाको माग गर्दै सीजेपीले आन्दोलनको नेतृत्व गरिरहेको छ ।

‘मन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिनुपर्छ वा उनलाई बर्खास्त गर्नुपर्छ,’ राङ्काले पत्रकारसँग भने, ‘हामीले यस विषयमा सरकारसँग स्पष्ट रूपमा कुरा गरेका छौं । यस मागमा जवाफ दिन सरकारले शनिबार दिउँसोसम्मको समय मागेको छ ।’

सरकारले शिक्षा मन्त्रीलाई हटाउन ढिलाइ गरे आन्दोलन अझ सशक्त र व्यापक बनाइने चेतावनी पनि उनले दिए ।

रांकाले शिक्षा मन्त्री प्रधानलाई चाँडै पदमुक्त गरिनेमा सीजेपी आशावादी रहेको बताउँदै केन्द्र सरकारसँग अर्को चरणको वार्ता शनिबार तय भएको जानकारी दिए ।

यस्तै, सीजेपीका संस्थापक अभिजीत दिपकेले सरकारले आन्दोलनको नेतृत्व गरिरहेका व्यक्तिहरूलाई रातारात पक्राउ वा नजरबन्द गर्न सक्ने आशंका व्यक्त गरेका छन् । शनिबार र आइतबारको आन्दोलनमा अझ ठूलो जनसहभागिता हुने अपेक्षा गरिएकाले त्यसअघि नै नेतृत्वलाई नियन्त्रणमा लिन सक्ने सम्भावना रहेको उनले बताए ।

यसअघि पर्यावरण अभियन्ता सोनम वाङ्चुकले सरकारले आफ्ना दुई प्रमुख मागमा लिखित प्रतिबद्धता जनाएपछि बिहीबार राति १२ बजेपछि २६ दिन लामो आमरण अनशन अन्त्य गरेका थिए । उनका अनुसार सरकारले नीट प्रश्नपत्र चुहावटका कारण आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने तथा गत सोमबारको ‘संसद् चलो’ मार्चका क्रममा प्रहरीसँग भएको झडपमा संलग्न विद्यार्थीहरूमाथि कानुनी कारबाही नगर्ने लिखित आश्वासन दिएको थियो ।

### पूर्वमन्त्री गुप्ताले स्वीकारे गल्ती

## गुडिरहेको मोटरसाइकलमा ‘स्टन्ट’ गर्ने सांसद बब्लु गुप्ता उन्मुक्त, चालकलाई मात्र ५ सय जरिवाना

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सिरहा निर्वाचन क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताले गुडिरहेको मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाएको घटनामा अन्ततः चालकलाई मात्र कारबाही गरिएको छ । सामाजिक सञ्जालमा उक्त भिडियो भाइरल भई व्यापक आलोचना भएपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय, लहानले यातायात व्यवस्था ऐन, २०४९ अनुसार मोटरसाइकल चालक पिताम्बर चौधरीलाई पाँच सय रुपैयाँ जरिवाना गरेको छ ।

सो घटनापछि सार्वजनिक भएको प्रहरी विज्ञप्तिमा चालकलाई ट्राफिक नियम उल्लंघन गरेको कसुरमा कारबाही गरिएको उल्लेख छ। तर, गुडिरहेको मोटरसाइकलमा उभिएर भिडियो बनाउने सांसद गुप्तामाथि भने कुनै जरिवाना वा कानुनी कारबाही गरिएको छैन ।

जिल्ला प्रहरी कार्यालय, सिरहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार विद्यमान कानुनले यात्रुलाई ट्राफिक उल्लंघनको अभियोगमा कारबाही गर्ने व्यवस्था नगरेकाले चालकलाई मात्रै जरिवाना गरिएको छ ।

उनले भने, “यात्रुलाई कारबाही गर्ने व्यवस्था ऐनमा छैन । ट्राफिक नियम उल्लंघन भएमा कारबाही चालकलाई नै हुन्छ। सोही व्यवस्थाअनुसार चालकलाई पाँच सय रुपैयाँ जरिवाना गरिएको छ ।”



सिरहा प्रहरीले चालकलाई जरिवानासंगै आगामी दिनमा यस्ता गतिविधि दोहोऱ्याउन नहुने भन्दै सचेतसमेत गराएको जनाएको छ ।

सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएको भिडियोमा सांसद गुप्ता गुडिरहेको बुलेट मोटरसाइकलको पछाडि उभिएर भिडियो खिचिरहेको देखिन्छ। सडक सुरक्षाको दृष्टिले अत्यन्त जोखिमपूर्ण मानिने यस्तो गतिविधिले ट्राफिक नियम उल्लंघन गरेको भन्दै सामाजिक सञ्जालमा व्यापक आलोचना भएको थियो । सामान्य नागरिकले यस्तै कार्य गरे कडा कारबाही हुने अवस्थामा सांसद स्वयंले नियम उल्लंघन गर्दा भने उनीमाथि कुनै कानुनी कारबाही नहुनुले ‘कानुन सबैका लागि समान हो कि होइन ?’ भन्ने प्रश्नसमेत उठेको छ ।

घटनापछि सांसद गुप्ताले सामाजिक सञ्जालमार्फत आफूबाट ट्राफिक नियम उल्लंघन भएको स्वीकार गरेका छन् । बाल्यकाल बिताएको ठाउँमा पुगेपछि पुराना सम्झनाले भावुक बनाएको र रमाइलो गर्ने क्रममा गल्ती भएको उनको भनाइ छ ।

उनले फेसबुकमा पोस्ट गर्दै लेखेका छन्, “बाल्यकालमा खेलेको ठाउँमा पुग्दा पुराना सम्झनाहरू ताजा भए। त्यही खुसी र रमाइलोको क्षणमा मजाक-मजाकमै मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाउँदा मैले ट्राफिक नियम उल्लंघन गरेको रहेछु भन्ने कुरा मैले आफैं महसुस गरेको छु ।”

यद्यपि गल्ती स्वीकार गरे पनि उनीमाथि कुनै जरिवाना वा कानुनी कारबाही नभएकाले उनको स्वीकारोक्ति नै घटनाको अन्तिम निष्कर्ष बनेको छ ।

‘जान्नेलाई छान्ने’ भन्ने नारासहित चुनाव जितेको रास्वपाका सांसदबाट सार्वजनिक सडकमा यस्तो जोखिमपूर्ण व्यवहार भएको भन्दै आलोचना भइरहेको छ । सामाजिक सञ्जालमा धेरैले जनप्रतिनिधिले नै कानुनको पालना गर्नुपर्नेमा उल्टै उल्लंघन गरेको भन्दै प्रश्न उठाएका छन् ।

पूर्वमन्त्रीसमेत रहेका गुप्ता सिरहा-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । उनको भिडियो सार्वजनिक भएपछि ट्राफिक प्रहरीले कारबाही प्रक्रिया अघि बढाए पनि कानुनी व्यवस्थाका कारण चालकलाई मात्रै जरिवाना गरिएको छ ।

यस घटनाले यातायात व्यवस्था ऐनमा यात्रुले जानीजानी जोखिमपूर्ण गतिविधि गरे पनि उनीहरूमाथि प्रत्यक्ष कारबाही गर्न नसकिने कानुनी सीमाबारे पनि बहस शुरु भएको छ । सडक सुरक्षासंग जोडिएका यस्ता घटनामा कानुनी व्यवस्थाको पुनरावलोकन आवश्यक रहेको मतसमेत टिप्पणी हुन थालेको छ ।

### अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूको गम्भीर चिन्ता

## सर्वोच्च अदालतका तीन न्यायाधीशमाथि राजनीतिक दबाबको आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामाथि असर पर्ने गरी सरकारले कदम चालेको आरोप लगाउँदै तीन प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले गम्भीर चिन्ता व्यक्त गरेका छन् । एमनेस्टी इन्टरनेशनल, ह्यूमन राइट्स् वाच इन्टरनेश्नल कमिसन अँाफ ज्यूरिस्ट्स् (आईसीजे) ले संयुक्त विज्ञप्ति जारी गर्दै सर्वोच्च अदालतका बहालवाला तीन न्यायाधीशलाई राजीनामा दिन राजनीतिक दबाब दिइएको तथा अस्वीकार गरेमा महाभियोग लगाउने चेतावनी दिइएको विश्वसनीय जानकारी आफूहरूले प्राप्त गरेको बताएका छन् ।



जेनेभाबाट जारी संयुक्त विज्ञप्तिअनुसार सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरि फुयाँल माथि राजनीतिक दबाब सिर्जना गरिएको दाबी गरिएको छ । संस्थाहरूले भनेका छन् कि नेपालका संविधानअनुसार महाभियोग लगाउन आवश्यक संवैधानिक आधार सार्वजनिक रूपमा प्रस्तुत गरिएको आफूहरूलाई जानकारी छैन। त्यसैले न्यायाधीशहरूलाई महाभियोगको धम्की दिइएको भए त्यो न्यायपालिकाको स्वतन्त्रतामाथि प्रत्यक्ष हस्तक्षेप हुने उनीहरूको निष्कर्ष छ ।

संयुक्त विज्ञप्तिमा सरकारले गत वैशाखमा संवैधानिक परिषद् ऐनलाई संसदीय प्रक्रियाबाट संशोधन गर्नुको सट्टा कार्यकारी अध्यादेशमार्फत संशोधन गरेको विषयलाई पनि आलोचना गरिएको छ । संस्थाहरूका अनुसार यस्तो कदमले नेपालको संविधानको भावना, विधिको शासन र लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाएको छ ।

उक्त संशोधनमार्फत संवैधानिक परिषद् को गणपूरक संख्या (क्वोरम) तथा निर्णय प्रक्रियासम्बन्धी व्यवस्था परिवर्तन गरिएको थियो। यही परिषद्ले प्रधानन्यायाधीशसहित विभिन्न संवैधानिक निकायका प्रमुखहरूको नियुक्तिका लागि सिफारिस गर्ने भएकाले यसमा हुने परिवर्तनले न्यायिक नियुक्तिमा राजनीतिक प्रभाव बढाउने जोखिम रहेको संस्थाहरूको भनाइ छ ।

विज्ञप्तिमा भनिएको छ कि संवैधानिक परिषद्मा पहिलेदेखि नै राजनीतिक पदाधिकारीहरूको बहुमत रहेको अवस्थामा नयाँ संशोधनले न्यायपालिकामाथिको राजनीतिक नियन्त्रण अझ बलियो बनाउन सक्ने सम्भावना बढाएको छ । यसले न्यायिक स्वतन्त्रता र विधिको शासनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू कमजोर पार्न सक्ने चेतावनी पनि दिइएको छ ।

संयुक्त विज्ञप्तिमा हालै मनोजकुमार शर्मा लाई प्रधानन्यायाधीश नियुक्त गरिएको विषयलाई पनि चिन्ताजनक रूपमा उल्लेख गरिएको छ ।

संस्थाहरूका अनुसार सर्वोच्च अदालतमा तीन जना वरिष्ठ न्यायाधीश बहाल रहँदारहँदै उनीभन्दा कनिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त गरिएको छ । यसले नेपालमा लामो समयदेखि अभ्यास हुँदै आएको वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने परम्पराबाट विचलन भएको उनीहरूको तर्क छ ।

विज्ञप्तिमा थप उल्लेख गरिएअनुसार मनोनयनविरुद्ध उजुरीहरू दर्ता भए पनि ती उजुरीमाथि कुनै अर्थपूर्ण सार्वजनिक परीक्षण नगरी संसदीय सुनुवाइ समितिले नियुक्तिलाई अनुमोदन गरेको थियो । यसले नियुक्ति प्रक्रियाको पारदर्शिता र विश्वसनीयतामाथि प्रश्न उठाएको संस्थाहरूको धारणा छ ।

मानवअधिकार संस्थाहरूले सर्वोच्च अदालतमा अहिले दूरगामी प्रभाव पार्ने संवैधानिक मुद्दाहरू विचाराधीन रहेको अवस्थामा वरिष्ठ न्यायाधीशहरूलाई हटाउने वा निलम्बन गर्ने प्रयासले अदालतको संरचना, निर्णय प्रक्रिया र न्याय सम्पादनमा प्रत्यक्ष असर पार्ने बताएका छन् ।

उनीहरूका अनुसार न्यायपालिकामाथिको जनविश्वास केवल न्यायाधीशहरूको व्यक्तिगत क्षमता र इमान्दारितामा मात्र निर्भर हुँदैन । न्यायिक नियुक्ति र बर्खास्ती प्रक्रिया निष्पक्ष, पारदर्शी तथा राजनीतिक हस्तक्षेपबाट मुक्त हुनु पनि त्यत्तिकै आवश्यक हुन्छ ।

आईसीजेका वरिष्ठ कानुनी तथा नीति निर्देशक इयान सेइडरम्यानले न्यायपालिकाको स्वतन्त्रता विधिको शासनको आधारशिला भएको उल्लेख गर्दै मानवअधिकार संरक्षणका लागि स्वतन्त्र अदालत अपरिहार्य रहेको बताए । उनका अनुसार नेपालमा हुने कुनै पनि न्यायिक सुधारले अदालतको स्वतन्त्रता, निष्पक्षता र संस्थागत अखण्डतालाई अझ बलियो बनाउने दिशामा केन्द्रित हुनुपर्छ ।

ह्युमन राइट्स वाचकी एसिया उपनिर्देशक मीनाक्षी गांगुलीले राजनीतिक प्रभाव देखिने न्यायिक नियुक्ति वा बर्खास्तीले न्याय प्रशासनप्रतिको जनविश्वास कमजोर बनाउने र अन्ततः विधिको शासनलाई नै क्षति पुऱ्याउने चेतावनी दिइन् ।

त्यस्तै एम्नेस्टी इन्टरनेसनलकी दक्षिण एसिया क्षेत्रीय उपनिर्देशक इसाबेल लासेले न्यायिक सुधारको उद्देश्य स्वतन्त्र र विश्वसनीय न्यायिक संस्था निर्माण गर्नु हुनुपर्नेमा जोड दिइन् । उनका अनुसार राजनीतिक हस्तक्षेप बढाउने संरचना निर्माण गर्नु न्यायिक सुधारको उद्देश्य हुन सक्दैन ।

संयुक्त विज्ञप्तिको निष्कर्षमा नेपालमा न्याय प्रशासनलाई अझ प्रभावकारी बनाउन सुधार आवश्यक हुन सक्ने स्वीकार गरिएको छ । तर त्यस्ता सुधारहरू न्यायपालिकाको स्वतन्त्रता, पारदर्शिता, जवाफदेहिता र विधिको शासनलाई सुदृढ बनाउने खालका हुनुपर्नेमा जोड दिइएको छ ।

संस्थाहरूले नेपाल सरकारलाई न्यायिक नियुक्ति तथा संवैधानिक निकायहरूको गठन प्रक्रियामा राजनीतिक हस्तक्षेप नगर्न, संविधानको भावना र अन्तर्राष्ट्रिय मापदण्डअनुसार न्यायपालिकाको स्वतन्त्रताको सम्मान गर्न तथा न्यायिक सुधारलाई लोकतान्त्रिक र पारदर्शी प्रक्रियामार्फत अघि बढाउन आग्रह गरेका छन् ।



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। अत्याचार ।।

दिन प्रति दिन चोरी
भाष्टाचारी होइ छै
अपना देश मे
अत्याचार होई छै
मन्दिर सँ लक
धर्म कर्म स्थल मे
अन्याय
विचारा गरीब
जनता भोइग रहल छै
केकरा करौ लोक
आश विश्वास
सबहे के ओहने
देख रहल छै
सोर्स फोर्स बला
के नोकरी अछि
विचारा गरीब पढ़लो
लिखलो
सब टुकुर टुकुर तैक
रहल छै
जेकरे लाठी तेकरे
भैंस छै अत चोर बदमाश
हैस रहल छै विचरा
भर भलादमी ईमानदार
सब फैस रहल छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। प्रेमक रोग ।।

दिन राइत सपनामे आवै छि हुस्न देखकर पागल बनबै छि।
प्रेम त पुरा नै भेल तख्नो सुन्दर चेहरा साम्ने आइवक
आइख क तरसबै छि।
लिख चलल छलो इतिहास मुदा प्रेमक कविता लिखक
कविकार भेलौउ।
सोचै छलो वीर पुरुष बनब मुदा प्रेमक रोग लगाकर देवदास भेलौउ।।
फोन महिनामे एक बेर अवै मुदा सब दिन धरकबैय छि।
प्यार स केना छि पुइछ म पागल बन्लो बाध पागल बनबै छि।।
लिख चलल छलो इतिहास मुदा प्रेमक कविता लिखक
कविकार भेलौउ।
सोचै छलो वीर पुरुष बनब मुदा प्रेमक रोग लगाकर देवदास भेलौउ।।
पढेला खोलय छि किताब मुदा आहा साथ बितल पाना याद आवैय।
न भअ सकलो हमर कोनो इच्छा पुरा बस अहि वातक याद तरसबैय।।
लिख चलल छलो इतिहास मुदा प्रेमक कविता लिखक
कविकार भेलौउ।
सोचै छलो वीर पुरुष बनब मुदा प्रेमक रोग लगाकर देवदास भेलौउ।।
दिलके रिस्ता होइतो समाजके रिस्ता कारण हमरा स अन्जान भेलौ।
हम कोना कहु आव हमर छोइरक आहा दोसरक जान भेलौ ।।
लिख चलल छलो इतिहास मुदा प्रेमक कविता लिखक
कविकार भेलौउ।
सोचै छलो वीर पुरुष बनब मुदा प्रेमक रोग लगाकर देवदास भेलौउ।।
झुठ कहिछि हकिकत मे मुदा सच कहिछि सपनामे।
अपना प्रेम क नजर नै लायग जाय कहैय छलैय बात दबाक
राखु दुनु गोरे के अपना मे।।
लिख चलल छलो इतिहास मुदा प्रेमक कविता लिखक
कविकार भेलौउ।
सोचै छलो वीर पुरुष बनब मुदा प्रेमक रोग लगाकर देवदास भेलौउ।।



**नाम:-श्याम किशोर यादव**
**ठेगाना:-पिपरा-५ हरदिया, हाल: सिरहा**

## ।। सेतो कागज ।।

सेतो कागज शान्त छ, उज्यालो मुस्कान,
लेख्न पर्खी बसिरहेछ, बोकी मीठो गान।
कलमको एक स्पर्शले, कथा नयाँ बन्छ,
सपना, आशा, भावना, अक्षरभित्र नाच्छ।
कहिले कविता फुल्दछ, कहिले प्रेमको पत्र,
कहिले ज्ञानको दीप बन्छ, उज्यालो पार्छ भित्र।
मेटिए पनि फेरि लेख, नहार्ने यसको बानी,
परिश्रमले रङ भर्दा, खुल्छ सफलताको खानी।
सेतो कागज सिकाउँछ, सुरुवात सधैं राम्रो,
असल कर्मले जीवन बन्छ, उज्यालो र प्यारो।



**रेशमी दनुवार**
**ठेगाना: मोरङ्ग, कानेपोखरी-५**

## ।। बुवा को माया ।।

बुवा नै हो शान बुवा नै हो ज्यान
बुवाले नै सिखाउनु भएकोछ कर्म र पहिचान
बुवाको माया जस्तै पिपलको छाया
बुवाले हामीलाई सपना देखाउँछ र
बुवाले नै त्यसलाई साकार बनाउँछ
बुवा रुनछ हामीलाई हाँसन खोज्छ
बुवाले हामीलाई बाँच्न खोज्छ
बुवा हुँदा लाग्दै न कुनै प्रकारको दर
बुवाले दिन्छ बुद्धि र बल
बुवाको माया जस्तै पिपलको छाया
बुवाको हात छौं हामी दायाँ र बायाँ
बुवा आफै पुरानो लुगा लगाउ तर
हामीलाई दिन्छ नयाँ
यस्तै छ एउटा बुवाको माया
कि यस्तै छ एउटा बुवाको माया



**स्वराज जयसवाल**
**कक्षा:१०**
**श्री रामनारायण अयोध्या मा.वि पिपरा,महोत्तरी**

## ।। प्रिय माया ।।

कसले रुवायो कसले हसायो थाहा हुनेछ
कुनै दिन त मेरोपनि जिन्दगी आहा हुनेछ
दुख पर्दाखेरी जसले एक्लै छोडि गएको छ
उसलाई एकदिन मसङ्ग जिउने चाहा हुनेछ
आज मेरो हाल देखेर टाढा हुन खोज्नेलाई
पक्कै पनि मेरो जिन्दगी देखेर डाहा हुनेछ
भगवानको खेल हो यो जीवन हेर्न पाइन्छ
कुनै दिन मेरो नि जिन्दगी वाहा वाहा हुनेछ
आफै रोजेर मलाई आफै छोडी किन गयौ
आफै जोडेको नाता आफै तोडि किन गयौ
जानू नै थियो भने चुपचाप गएपनि हुन्थ्यो
दुनियाँको अगाडि मुख नै फोडि किन गयौ
साचो प्रेममा एक पटक जोडिन्छ नाता पनी
छुट्नुथियोभने झुटो नाता जोडि किन गयौ
तिम्रो लागि कति दुख भोगे मैले जिन्दगीमा
बिर्सी मलाई अर्कैको घुम्टो ओडि किन गयौ
प्रिय माया



**नाम:- बिरेन्द्र कुमार चौधरी यादव**
**ठेगान:- मिथिला नगरपालिका :०३ हरिहरपुर धनुषा**

## ।। दलालको सिकारमा नारी ।।

यहाँ कागजी खोल ओढेर सहर छिर्छन् दलाल,
अनि देखापर्छन् बोकी मानवताको झूटो पहिचान,
पहिला परिचित हुन्छन् प्रेमको पात्र बनेर,
पछि निस्किन्छन् समाजमा नरपिशाच बनेर ।
पहिले बोल्छन् मीठा-मीठा शब्द,
अनि देखाउँछन् ठूला-ठूला सपनाहरू,
गिद्धको मधुर बोलीमा मोहित बन्छन्,
अनि लुटिन्छन् यहाँ जिउँदै नारी ।
बाँड्छन् केही दिन मनका कुरा अनि,
भुलिन्छन् नारी चिनीमा कमिला लठ्ठिएसरी,
फेरि बन्छन् एक दिन तिनकै सिकार नारी,
अनि फाल्छन् मानवता र धर्मलाई समुद्रपारि ।
पहिले पार्छन् आफ्ना मायाजालमा,
अनि लुटिन्छ यहाँ तिनको अस्मिता,
त्यसपछि लुछिन्छ पवित्र शरीर अनि
हराउँछन् सपनाहरू आँधीहुरीसरि ।
सहने छैनन् यहाँ अन्याय-अत्याचार,
अब उठ्नेछन् नारी बनेर महाकाली,
तोड्नेछन् दलालका यी जाल,
मेट्नेछन् नरपिशाचको संसार!



**लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। जीवन जिन्दगी हो ।।

एक पलमा मातिनु हुदैन , एक छिनमा आतिनु हुदैन ।
जिवनको ठुलो मुलय धैर्य हुन ।
यसलाई थोरै कठिनाई र सहनशील भइ पार गरिनु पर्छ ।
यश अचम्मको संसारमा धर्यता राखिने मानिस कमजोर होइन ,
समयको झै आफू बलमान हुदो रहेछ ।
पर्खाइ विश्राम हुन सकिन्छ , थकावटी एक समयमै धुर हुन सकिन्छ ।
हडेस खाको व्यक्ति धेरै शहनशिल हुन सकिन्छ , सहरा कसैको नभए
पनि आफू मजबुत हुन सकिन्छ ।
जवानी सबैको राम्रो हुदैन , कहानी कसैको खराव हुदैन । आत्मबल
ठूलो हुदो रहेछ , चेतना कमै भए सपना ठुलो हुदो रहेछ ।



**अजय यादव ( स. वि कान्छा दाई )**
**मधेस प्रदेश नं २ धनुषा जनकपुरधाम**

## ।। जागरूक युवा ।।

म मान्छे आफू आफैलाई कहिल्यै ठूलो ठानेको छैन !
म जे-जे देखिन्छ, तेही लेखिन्छ झुटो लेखेको छैन ‼
जसले गर्छ उसलाई लाग्छ होला हानेको झटारो !
जसलाई दुख्छ दुखोस हातले मैले ठोकियको छैन ‼
चाकडी र गुटबन्दीको खेलमा कहिल्यै दौडेको छैन !
आफ्नो स्वार्थका लागि,गाउँघर बेचेर गाउँले बाटे छैन ‼
मैले सत्य बोल्दा रिस उठे उठोस, मलाई कुनै डर छैन !
म रावनको मुखौटा लगाएर कहिल्यै राजनीति गरेको छैन ‼



**सुनिल कुमार मंडल**
**श्री उ.मा.बि प्रितपुर पर्वता ९ धनुषा**
**हाल :- धनुषाधाम न.पा ५ पर्वता धनुषा**

## मनको पीडा (गजल)

मनभित्रको पीडा कसैलाई सुनाउन सकिनँ,
हाँसोको आवरणभित्र आँसु लुकाउन सकिनँ।
आफ्नै भनेर साथ दिनेहरू टाढा भएपछि,
टुटेको यो मन फेरि जोडाउन सकिनँ।
समयले धेरै चोटहरू चुपचाप दियो,
ती घाउहरू शब्दमा सजाउन सकिनँ।
विश्वासको दीप निभेपछि अँध्यारो बढ्यो,
आशाको उज्यालो फेरि जगाउन सकिनँ।
जीवनको बाटोमा मुस्कुराउने अभिनय गरेँ,
तर मनको वेदना कहिल्यै लुकाउन सकिनँ।
दुःखका बादल हट्लान् भन्ने आशा अझै छ,
त्यही भरोसामा आफूलाई हार्न दिन सकिनँ।



**नाम:-निरज कुमार यादव**
**ठेगान :- लक्ष्मीनियाँ गा. पा :- ३**

# विजयको अन्तिम फिल्म 'जन नायगन'ले गऱ्यो ४१ करोडको ओपनिङ



काठमाण्डु । तमिल सुपरस्टार थलपति विजय अभिनीत फिल्म ' जन नायगन'ले रिलिजसँगै बक्स अफिसमा धमाका मच्चाएको छ। तमिलनाडुको मुख्यमन्त्री बनेपछि विजयको यो पहिलो फिल्म हो भने उनको अभिनय करिअरको अन्तिम फिल्म पनि हो । यसैले फिल्मप्रति दर्शकमा ठूलो उत्साह देखिएको थियो । त्यसको प्रत्यक्ष प्रभाव पहिलो दिनको बक्स अफिस कमाइमा परेको छ ।

पहिलो दिन १३ हजार ६७ शो पाएको फिल्मले भारतमा ४१ करोड नेट ओपनिङ गरेको बक्स अफिस ट्र्याकर सैकनिल्कले जनाएको छ । विदेशी बजारबाट भने फिल्मले ३० करोड रुपैयाँ कमाएको छ । योसँगै फिल्मको पहिलो दिनको विश्वव्यापी ग्रस कमाइ ७८ करोड २७ लाख रुपैयाँ पुगेको छ । फिल्मले भारतमा अग्रिम टिकट बिक्रीबाट मात्रै २० करोड कमाएको थियो ।घरेलु बजार (भारत)मा फिल्मको तमिल संस्करणले सबैभन्दा राम्रो व्यापार गरेको छ ।

पहिलो दिन तमिल संस्करणको थिएटर अकुपेन्सी ६८.३१ प्रतिशत रहेको थियो, जसबाट फिल्मले भारु ३६ करोड ५० लाख रुपैयाँ कमाइ गऱ्यो । तेलुगु (२ करोड ७५ लाख) र हिन्दी संस्करण (१ करोड ७५ लाख)बाट भने फिल्मले ४ करोड ५० लाख रुपैयाँ कमाइ गरेको छ।


दर्शक र समीक्षकबाट मिश्रित प्रतिक्रिया पाएको यस फिल्ममा विजयसँगै ममिता बैजू, बोबी देओल, पूजा हेग्डे र प्रकाश राजको पनि मुख्य भूमिका रहेको छ । फिल्ममा विजय पूर्व प्रहरी 'वेत्री कोन्डन'को भूमिकामा देखिएका छन् । यसको लेखन तथा निर्देशन एच. विनोथले गरेका हुन् । फिल्मको निर्माण लागत ३०० करोड रुपैयाँ रहेको बताइएको छ ।




ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ योजना तथा व्यवसाय प्रारम्भ गर्न अनुकुल समयको संकेत देखिन्छ । |
| वृष : | सोचविचारपूर्वक गरिएको निर्णयले दीर्घकालिन लाभ सुनिश्चित गर्नसक्छ। |
| मिथुन : | योजनाबद्ध प्रयासले कठिनाइलाई अवसरमा रुपमान्तरण गर्न सकिन्छ । |
| कर्कट : | धैर्य,अनुशासनरसन्तुलितसोचआजको दिनमा सफलता प्राप्त गर्ने आधार बन्नेछ। |
| सिंह : | अध्ययनमा उल्लेखनीय प्रगति हुनेछ । |
| कन्या : | व्यवसायिकक्षेत्रमातत्कालठुलोलगानी विस्तार नगर्नु बुद्धिमानी हुनेछ । |
| तुला : | शैक्षिक क्षेत्रमा उत्कृष्ट सफलता प्राप्त हुने सम्भावना बलियो छ । |
| वृश्चिक : | स्वास्थ्यमा सामान्य कमजोरी वा थकान महसुस हुन सक्छ । |
| धनु : | नयाँ योजना वा व्यवसाय प्रारम्भ गर्न अनुकूल वातावरण निर्माण हुनेछ । |
| मकर : | आत्मविश्वास र प्रेरणा दुवैमा वृद्धि हुनेछ। |
| कुम्भ: | मानसिक चञ्चलता तथा निर्णयमा अस्थिरता चुनौतीका रुपमा देखा पर्न सक्छ । |
| मीन: | खर्चको मात्रा बढ्ने तथा अनावश्यक विवाद उत्पन्न हुने सम्भावना देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सप्तरीबाट भारी मात्रामा गाँजा बरामद



**टुडे समाचारदाता**

राजविराज। गएराति सप्तरीको हनुमाननगर-रमपुरा मल्हनियाँ हुँदै भारततर्फ गइरहेको ३ वटा गाडीबाट ३३ क्विन्टल ३२ किलो गाँजा बरामद गरिएको छ।

विशेष सूचनाका आधारमा प्रहरीले भारतीय सिमानाबाट ५/७ किलोमीटर नजिक तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुल्लाबाट दुई वटा पिकअप र एउटा स्करपियो जिपसहित गाँजा बरामद गरेको हो।

प्रहरीलेले राति १ बजेतिर ३३ क्विन्टल ३२ किलो ४६० ग्राम (बोराको तौलबाहेक) गाँजा बरामद गरेको सप्तरी प्रहरीका प्रवक्ता डीएसपी हेमराज घिमिरे जानकारी दिए। उनकाअनुसार प्र.१-०४-००१ च १५०७ नम्बरको पिकअपबाट ४८, बा.प्र.०१-०२ ९च ९५८६ नम्बरको पिकअपबाट ३३ र बा.प्र.०१-०२५च ०४३६ नम्बरको स्करपियोबाट १९ वटा बोरामा लागुऔषध गाँजा बरामद भएको छ।

बोराको तौलसहित १५०७ नम्बरको पिकअपबाट १६ क्विन्टल ६८ किलो ११० ग्राम, ९५८६ नम्बरको पिकअपबाट ११ क्विन्टल ७० किलो ७१० ग्राम र ०४३६ नम्बरको स्करपियोबाट ५ क्विन्टल २३ किलो ६४० ग्राम गाँजा बरामद भएको हो। तीन वटै गाडीका चालक भने फरार भएको डीएसपी घिमिरेले बताएका छन्।

# खुकुरी प्रहार गरी महिलाको हत्या

**टुडे समाचारदाता**

जनकपुरधाम। रौतहटको गुजरा नगरपालिकामा खुकुरी प्रहार गरी एक महिलाको हत्या गरिएको छ।

शुक्रबार बिहान करिब साढे बजेतिर गुजरा नगरपालिका-५ हरिहरपुर टोलमा धारिलो हतियार प्रहारबाट स्थानीय एक महिलाको घटनास्थलमै मृत्यु भएको हो। आरोपितलाई घण्टौ मसक्त पश्चात प्रहरीले पक्राउ गर्न सफल भएको छ।



प्रहरीका अनुसार गुजरा नगरपालिका-५ हरिहरपुरका चन्देश्वर साह कलवारकी श्रीमती अन्दाजी ४० वर्षीया रेनु देवी जयसवाललाई सोही टोलमा बस्दै आएका बारा जिल्ला करैयामाई गाउँपालिका-८ ईटहर बेलाही टोल घर भएका अन्दाजी ३५ वर्षीय उपेन्द्र साह कलवारले खुकुरी प्रहार गरी हत्या गरेको हो।

खुकुरी प्रहारबाट गम्भीर घाइते भएकी रेनु देवीको घटनास्थलमै मृत्यु भएको स्थानीयले बताएका छन्। घटनापछि आक्रोशित स्थानीय बासिन्दाले आरोपित उपेन्द्रलाई नियन्त्रणमा लिएर कुटपिट गरेका थिए। घटनास्थलमा प्रहरी भएका कारण आरोपितको ज्यान जोगिन गएको बताइएको छ।

स्थानीयको कुटपिटबाट गम्भीर घाइते भएका उपेन्द्रको अहिले चन्द्रनिगाहपुरस्थित चन्द्रपुर अस्पतालमा कडा सुरक्षाका बीच उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीका अनुसार घटनाबारे जानकारी पाएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले मुचुल्का उठाउने, प्रमाण संकलन गर्ने तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउने काम भइरहेको जनाएको छ।

घटना किन र के कारणले भएको हो भन्ने विषय खुल्न सकेको छैन। घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। मृतक जयसवालका श्रीमान काठमाडौ रोजगारीमा रहेको बुझिएको छ।

# लक्ष्य अनुसार राजश्व उठाउन सकिएन

**टुडे समाचारदाता**

वीरगञ्ज। आर्थिक वर्ष २०८२/८३ मा वीरगन्ज महानगरपालिकाले लक्ष्य अनुसार राजश्व संकलन गर्न सकेको छैन।

महानगरले १ अर्ब ७० करोड रुपैयाँ राजश्व उठाउने लक्ष्य राखेकोमा आधाभन्दा कम अर्थात् ६७ करोड ५९ लाख ६४ हजार ८ सय ९८ रुपैयाँ ३९ पैसा मात्र संकलन गरेको हो। यो कुल लक्ष्यको करिब ३९ दशमलव ७६ प्रतिशत मात्रै हो। यसले महानगरको आन्तरिक आम्दानी अपेक्षाअनुसार बढ्न नसकेको देखिएको छ।

हुनत अघिल्लो आर्थिक वर्षको तुलनामा भने राजश्व संकलनमा सामान्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ मा महानगरले ६२ करोड ९३ लाख ८५ हजार ३ सय ४४ रुपैयाँ राजश्व संकलन गरेको थियो। त्यसको तुलनामा गत वर्ष करिब ४ करोड ६५ लाख ७९ हजार रुपैयाँ बढी राजश्व उठेको हो।




महानगरको आय शीर्षकअनुसार सबैभन्दा धेरै राजश्व सम्पत्ति कर, घरबहाल कर, नक्सापास दस्तुर लगायतका शीर्षकबाट संकलन भएको छ। सम्पत्ति करबाट १९ करोड ७३ लाख ६ हजार ७ सय ६० रुपैयाँ, घरबहाल करबाट १४ करोड ९ लाख ७३ हजार १ सय ९, नम्सापास दस्तुरबाट ४ करोड ६४ लाख ९१ हजार ५ सय ३ रुपैयाँ राजश्व संकलन गरेको जनाइएको छ।

महानगरका करदाताले अधिकांशकरकोदरचर्कोभएकाले सामान्य नागरिकलाई बोझिलो बनेको बताउँछन् उनीहरुले सम्पत्ति कर, घरबहाललगायतका महानगरको करको दर चर्को भएको बताउँछन्।

वीरगन्ज महानगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहरा गत वर्ष राजश्व संकलनको प्रक्षेपण नै बढी भएकाले पनि लक्ष्य अनुरुपको राजश्व संकलन हुन नसकेको बताएका छन्।

राजश्वमा बढी योगदान गर्ने सम्पत्ति करको दायरामा लक्षित वर्गहरुलाई समेटन नसक्नु अर्को प्रमुख कारण रहेको उनको भनाई छ। चालु आर्थिक वर्षमा राजश्व प्रशासनलाई थप प्रभावकारी बनाउँदै आन्तरिक स्रोत परिचालन बढाउने योजना महानगरले अघि सारेको उनले भने।

# भंगहा पूर्ण साक्षर घोषित

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको भंगहा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको छ। शुक्रवार एक कार्यक्रमकाबीच नगरप्रमुख संजीव साहले भंगहा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरेका हुन्।

२०८२ सालदेखि दलित समाज उत्थान तथा गुड नेइवर्स इन्टरनेशनलकोसहयोगमासञ्चालन गरेको साक्षरता अभियानअन्तर्गत आवश्यक मापदण्ड पूरा भएपछि भंगहा नगरपालिकालाई साक्षर घोषणा गरिएको जनाइएको छ। १५ देखि ६० वर्ष उमेर समूहका ३० हजार ४९४ जना अर्थात् ९७ प्रतिशतभन्दा बढी नागरिक साक्षर भएको नगरपालिकाले जनाएको छ।




कार्यक्रममा उपस्थित जिल्ला समन्वय समिति महोत्तरीका सभापति सुमनलाल कर्णले साक्षरता समतामूलक समाज र राष्ट्र निर्माणको आधार रहेको बताउँदै पूर्ण साक्षर नगरपालिका र पूर्ण साक्षर मधेश प्रदेश निर्माणका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको भने।

उनले राज्यले हरेक वर्ष सामुदायिक विद्यालयमा ठूलो लगानी गरिरहेको भए पनि अझै पनि सामुदायिक विद्यालयप्रति अपेक्षित विश्वास कायम हुन नसक्नुमा चिन्ता व्यक्त गरे।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शिक्षाले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउनुका साथै समाजमा सम्मान र अवसर प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

नगरप्रमुख संजीव साहले पालिकाका सबै नागरिक अझै साक्षर भइनसकेकाले अभियानलाई निरन्तरता दिने बताउँदै साक्षरता अभियानका लागि नगरपालिकाले वार्षिक बजेटमार्फत आवश्यक रकम विनियोजन गर्दै अभियानलाई निरन्तर अघि बढाइने प्रतिबद्धता व्यक्त गरे।

# किसानको समस्या समाधान गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम। खेतीका चाहिने अत्यावश्यक मल-खाद समस्या समाधान गर्न तराई मधेश लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य उमेश मण्डलले सरकारसँग माग गरेका छन्।

उनले एक विज्ञप्ति जारी गरी किसानलाई युरिया, डीएपी, पोटास लगायतका आवश्यक मल-खाद समयमै उपलब्ध गराउन, बिचौलियामुक्त, पारदर्शी र प्रभावकारी वितरण प्रणाली लागू गर्न माग गरेको हो।

मण्डलले बालेन्द्र सरकारसँग सामाजिक सञ्जालमा मात्र प्रतिक्रिया जनाउने वा स्टन्ट गर्नेभन्दा जनताको वास्तविक समस्याको समाधानमा केन्द्रित भएर काम गर्न माग गरेका छन्। साथै, उनले सरकार जनताप्रति उत्तरदायी, जिम्मेवार र परिणाममुखी ढंगले काम गर्नुपर्ने धारणा राखेका छन्।

# धान फँडानी गरिएका जग्गामा टिकको बिरूवा रोपियो

**टुडे समाचारदाता**

रौतहट। रौतहटको गुजरा नगरपालिका-३ बलुवास्थित श्री अन्जुमन सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र अतिक्रमण गरेर लगाइएको धान प्रशासनले हटाएर टिकको बिरुवा रोप्दै वन क्षेत्र पुनःस्थापनाको अभियान अघि बढाएको छ।

रिब एक महिनाअघि वन क्षेत्र खनजोत गरी धान रोपिएको सूचना प्राप्त भएपछि शुक्रबार सिडियो दिनेश सागर भुषालको नेतृत्वमा समन्वयात्मक पहल गरिएको थियो।

त्यसपछि जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजाल, सशस्त्र प्रहरी बलका एसपी रामहरी अधिकारी तथा डिभिजन वन कार्यालयका अधिकृत मनोज ठाकुरको समन्वयमा वन कर्मचारी, सशस्त्र प्रहरी र जङ्गलसहियासहितको संयुक्त टोली परिचालन गरिएको थियो।



संयुक्त टोलीले अनुमानित २ बिघा वन क्षेत्रमा अतिक्रमण गरी रोपिएको धान नष्ट गरेको छ। त्यसलगत्तै उक्त क्षेत्र पुनः वनको स्वरूपमा फर्काउने उद्देश्यले सागवान (टिक) का बिरुवा रोप्ने कार्यसमेत सम्पन्न गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

वन क्षेत्र अतिक्रमण गरी खेती गर्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा विभिन्न स्थानमा चुनौतीका रूपमा देखिँदै आएको छ। यस्ता गतिविधिले वनको जैविक विविधता, वातावरणीय सन्तुलन तथा सामुदायिक वन व्यवस्थापन प्रणालीमा प्रत्यक्ष असर पार्ने भएकाले समयमै प्रशासनले हस्तक्षेप गर्नु आवश्यक मानिन्छ।

यसपटक प्रशासनले अतिक्रमण हटाएर मात्रै नरोकी तत्काल वृक्षरोपणसमेत गरेकाले वन संरक्षणको सन्देश दिएको देखिन्छ। यद्यपि, यस्ता अतिक्रमण दोहोरिन नदिन नियमित अनुगमन, कानुनी कारबाही र स्थानीय समुदायको सक्रिय सहभागिता समान रूपमा आवश्यक रहने सरोकारवालाहरू बताउँछन्।


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०४।०९

यस गाउँपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## रामगोपालपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/०८ गते

यस रामगोपालपुर नगरपालिकाको कार्यालयका लागी देहाय बमोजिमका पदहरुमा रामगोपालपुर नगरपालिकामा करारमा प्राविधिक/अप्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन) बमोजिम पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक उम्मेदवारहरुले तोकिएको ढाँचामा रित पुर्वक दरखास्त फाराम भरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि/शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाणको प्रमाणित प्रतिलिपि एवं परीक्षा दस्तुर वापत बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस रामगोपालपुर नगरपालिका कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | विज्ञापन नं. | पद | तह | परीक्षा दस्तुर | मांग संख्या | शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।०८३।०८४ | अ.न.मि. | चौथो | ५००/- | १ | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्स उत्तिर्ण गरी सम्बन्धीत विषयको काउन्सीलमा दर्ता भएको। | लिखित/अन्तवार्ता |
| २ | ०२।०८३।०८४ | नगर शिक्षक | मा.वि. (गणित) | १०००/- | १ | शिक्षा शास्त्र संकायको सम्बन्धीत विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ३ | ०३।०८३।०८४ | नगर शिक्षक | मा.वि. (नेपाली) | १०००/- | १ | शिक्षा शास्त्र संकायको सम्बन्धीत विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ४ | ०४।०८३।०८४ | नगर शिक्षक | नि.मा.वि. (गणित) | १०००/- | २ | शिक्षा शास्त्र संकायको सम्बन्धीत विषयमा स्नातक तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ५ | ०५।०८३।०८४ | नगर शिक्षक | नि.मा.वि. (विज्ञान) | १०००/- | २ | शिक्षा शास्त्र संकायको सम्बन्धीत विषयमा स्नातक तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ६ | ०६।०८३।०८४ | नगर शिक्षक | नि.मा.वि. (अंग्रेजी) | १०००/- | २ | शिक्षा शास्त्र संकायको सम्बन्धीत विषयमा स्नातक तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ७ | ०७।०८३।०८४ | नगर शिक्षक | प्रा.वि. | १०००/- | ५ | शिक्षा शास्त्र संकायको +२ वा सो सरह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ८ | ०८।०८३।०८४ | शिक्षण सिकाई स्रोत विज्ञ | मा.वि. | १०००/- | १ | शिक्षा शास्त्र संकायको EPM मा स्नातकोत्तर तह उत्तिर्ण गरेको। | लिखित/अन्तवार्ता |
| ९ | ०९।०८३।०८४ | नगर प्रहरी (असई) | पाँचौ | १०००/- | १ | +२ वा सो सरह उत्तिर्ण गरेको। | शारीरिक परिक्षण, लिखित/अन्तवार्ता |
| १० | १०।०८३।०८४ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३००/- | ४ | साधारण लेखपढ गरेको। | अन्तवार्ता |
| ११ | ११।०८३।०८४ | स्वीपर | श्रेणी विहिन | ३००/- | २ | साधारण लेखपढ गरेको। | अन्तवार्ता |

प्रमुख प्रशासकीय अधिकृत

# महतोको जनकारवाही ‘स्वाधीन मधेश अभियान’




**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समय जनमत पार्टीबाट फुटेका प्रोफेसर कैलाश महतो नेतृत्वको ‘स्वाधीन मधेश जनअभियान’ ले जनकारवाही अभियान संचालन गरेको छ।

तराई-मधेशमा सक्रिय यी समूहले अभियान अन्तर्गत जननिर्वाचित प्रतिनिधि (सांसद)हरूलाई निशाना बनाउन थालेको देखिन्छ।

‘मधेश मुक्ति अभियान’ समूहका कार्यकर्ताहरूले हालै रौतहटस्थित रास्वपाका एक सांसदलाई कालो मोसो (मसी) दलेका छन् भने बाराका अर्का सांसदलाई धम्की दिएका छन्।

रौतहट क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य (सांसद) गणेश पौडेललाई बिहीबार राति गढीमाई नगरपालिका- ७, पर्सामा कालो मसी दलेर तिनीहरुले दुर्व्यवहार गरिएको थियो। स्थानीय नागरिकका समस्या र मलखादको अभावबारे ’जनतासँग भेटघाट कार्यक्रम’ सकेर फर्किने तयारीमा रहेको बेला पौडेललाई कालोमोसो दलिएको थियो।

राति करिब सवा ८ बजेतिर कार्यक्रम सकेर निस्किन लाग्दा मास्क लगाएका २-३ जना व्यक्तिहरूले पछाडिबाट अङ्गालो हाले जस्तो गरी उनको ढाडमा कालो मसी दलेर भागेको बताइएको छ।

मसी दल्नेहरूले हातमा रातो झण्डा र पर्चाहरू बोकेका थिए। उनीहरू ’मधेश मुक्ति अभियान’ का कार्यकर्ता रहेको सांसद पौडेलले संचारकर्मीहरुसँग कुरा गर्दै पुष्टि गरेका छन्। प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार ‘फगु’ (वा फुगु) भनिने मुख्य अभियुक्तको पहिचान भइसकेको र उनको खोजी कार्य जारी रहेको जनाइएको छ।

यस्तै, प्रकृतिको अर्को घटनामा, बारा क्षेत्र नम्बर ३ का सांसद अरविन्द साहलाई मोसो दल्ने धम्की सामाजिक सञ्जाल फेसबूकमार्फत दिएको आरोपमा प्रहरीले अभियानसँग आबद्ध नेजामुद्धिन अन्सारीलाई नियन्त्रणमा लिएको छ।

अन्सारीले सांसद साहले चुनावी घोषणापत्र अनुसार काम नगरेको भन्दै जहाँ भेटे पनि मोसो दल्ने भनी साउन ४ गते सामाजिक सञ्जालमा खुला धम्की दिएका थिए। त्यसपछि जिल्ला प्रहरी कार्यालय बाराले उनलाई साउन ७ गते नियन्त्रणमा लिएको थियो।

‘रास्वपाको संघीयता विरोधी गतिविधिका कारण पनि आफूहरूले जनकारबाही थालेको’ सो समूहका एक नेताले संचारकर्मीसँग कुरा गर्दै बताएका छन्।

उनले भने ‘चुनावअघि प्रधानमन्त्री वालेन्द्र शाहले जनकपुरधाममा भाषण गर्दा काठमाडौं अधिकार माग्न होइन, घुम्न जाने हो भनेका थिए। तर, अहिले उनको सरकार र पार्टीले संघीयता विरोधी गतिविधि गरिरहेको छ। मधेशको छोरोलाई प्रधानमन्त्री बनाउने भनेर जनताले मत दिए पनि अपेक्षाभन्दा ठीक विपरीत काम भइरहेको छ।’

अभियानका संयोजक महतो विगतमा डा. सीके राउतले नेतृत्व गरेको भूमिगत संगठन ’स्वतन्त्र मधेश गठबन्धन’का केन्द्रीय सह-संयोजक थिए। त्यतिबेला उनी डा. राउतपछिका सबैभन्दा शक्तिशाली र दोस्रो वरीयताका नेता मानिन्थे।

अलग देशको एजेन्डा बोकेर हिँड्दा र विभिन्न ठाउँमा सम्बोधन गर्दा महतोलाई नेपाल प्रहरीले धैरैपटक नियन्त्रणमा लिएको थियो। सन् २०१५ मा सर्लाही र सन् २०१८ मा नवलपरासीको बुद्ध चोकमा भाषण गरिरहेकै अवस्थामा उनी पक्राउ परेका थिए। उनीमाथि लामो समयसम्म ’राज्यविरुद्धको अपराध’को मुद्दा समेत चलेको थियो।

२०७५ फागुनमा डा. सीके राउतले तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारसँग ११ बुँदे सहमति गरी मूलधारको राजनीतिमा आउने र ’जनमत पार्टी’ गठन गर्ने निर्णय गरे। महतो पनि शुरूमा जनमत पार्टीको ३५ सदस्यीय केन्द्रीय समितिमा रहे। तर, डा. राउतले मधेशको मूल मुद्दा (स्वाधीनता र आत्मनिर्णय) छाडेर सत्ताकेन्द्रित राजनीति शुरू गरेको भन्दै महतो असन्तुष्ट बने।

त्यसपछि महतोसहित ७ जना केन्द्रीय सदस्यहरूले राउतको कार्यशैलीको विरोध गर्दै सामूहिक रूपमा जनमत पार्टी परित्याग गरेका थिए। त्यसबेला डा. राउतले महतोमाथि पार्टीको अति गोप्य सूचना विदेशी एजेन्टहरूलाई चुहाएको र जासुसी गरेको गम्भीर आरोप लगाएका थिए।

जनमत पार्टीबाट अलग भएपछि महतोले आफ्नै नेतृत्वमा १४ सदस्यीय ’स्वाधीन मधेश जनअभियान’ नामक संगठन खोलेर तराईमा पुनः पकड स्थापित गर्ने प्रयास गरेका थिए। उनले यस अभियानलाई गैर-दलीय आन्दोलनका रूपमा अघि बढाए र अन्ततः यही संगठनलाई थप आक्रामक बनाउँदै अहिले ’मधेश मुक्ति अभियान’का रूपमा अगाडि सारेका छन्।

# बहुत देर करदी.. हजुर आते आते



ब्लग :



**श्यामसुन्दर शशि**

‘राज्य जतिसुकै बलियो किन नहोस्, नागरिकको शक्ति सामु निरीह हुन्छ ।’ छिमेकी राष्ट्रहरु श्रीलंका, बंगला देश र हाम्रै देश नेपाल यसका ताजा उदाहरण हुन् । झण्डै दुई तिहाइ बहुमतको अर्का छिमेकी भारतमा भारतीय जनता पार्टीका नरेन्द्र मोदी नेतृत्वको सरकार अचेल यस्तै नियति बेहोरी रहेको छ। युवा पुस्ताको शान्तिपूर्ण आन्दोलनले मोदीको ५६ ईंचको सिना (छाती) को गति तीव्र बनाएको छ। तीन सातादेखि दिल्लीको जन्तर मन्तरमा जारी युवा पुस्ताको आन्दोलनलाई टेपुच्छर नलगाउने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बिहीबार मध्यराति भिडियो संदेश जारी गर्दै युवाहरुले उठाउँदै आएको विषय अर्थात् ‘निट पेपर लिक’ मुद्दामा पहिलो पटक मुख खोलेका छन् । मोदीको यस ‘यू-टर्न’ उनी दबावमा आएको प्रष्ट संकेत गर्दछ।



६ जूनदेखि भारतको राजधानी दिल्लीमा चल्दै आएको युवा अभियन्ता अभिजीत दिपके नेतृत्वको कोक्रोच जनता पार्टीको प्रदर्शन र प्रदर्शनसंगै शुरु भएको लद्दाखका वातावरण अभियानी सोनव वांग्चुकको अनसनलाई केही सञ्चार माध्यमहरु सन् २०११ मा अन्ना हजारेको नेतृत्वमा भएको ‘इन्डिया अगेन्स्ट करप्सन’ आन्दोलन भन्दा पनि विशाल रहेको रिपोर्ट सार्वजनिक गरेका छन्। तर राजनीतिक विश्लेषक योगेन्द्र यादव भने युवाहरुको यस विद्रोहलाई भारतमा ५० वर्ष अघि सन् १९७४ मा जयप्रकाश (जेपी) को नेतृत्वमा भएको आन्दोलनसंग तुलना गरेका छन् । योगेन्द्र यादवका अनुसार, अन्ना हजारेको आन्दोलन भ्रष्टाचार विरुद्धमात्र थिए तर कक्रोच जनता पार्टीको आन्दोलनमा युवाहरु शिक्षा, रोज़गार, राजनीतिसंगै विकास जस्ता राष्ट्रिय मुद्दाहरु पनि उठाएका छन् । फेरी यो आन्दोलन युवाहरुको हो । जसको संख्या देशमा सबभन्दा अधिक छ । जो पटक पटक पेपर लिक भएको देख्दै छन् । जो बेरोजगार छन् । भ्रष्टाचारको कारण दोषीमाथि कार्यवाही हुन सकि रहेका छैनन् ।

### कोक्रोच जनता पार्टी(सीजेपी) के हो ?

भारतीय सर्वोच्च अदालतका न्यायधीश सूर्यकान्त एउटा मुद्दाको सुनुवाइको क्रममा भारतका युवाहरुलाई कक्रोच (साङलो/तेलचट्टा) वा भनौं भने पारासाईटको संज्ञा दिएका थिए । पारासाइट अर्थात् उपियाँ जस्तै अरुको रगत खाएर बाँच्ने जीव । भारतका सुप्रिम कोर्टका न्यायाधिश सूर्यकान्तको यो अभिव्यक्ति अमेरिकाको बोस्टन युनिभर्सिटीमा स्नोत्कोत्तरको पढाइ गरी रहेका अभिजीत दिपकेलाई मन परेन । उनले सामाजिक सञ्जालमा एउटा व्यंगात्मक अभियान चलाउनु भयो- ‘हो हामी कक्रोच हौं । यदि सबै कक्रोच एक ढिक्का भयो भने तिम्रो के हुन्छ ?’ दिपकेको यो अभियानलाई भारतीय युवाहरुले मन पराए। उनले बनाएको अकाउन्टलाई इन्स्टाग्राममा एक हप्तामै २ करोडले फलो गरेका थिए।

यो ठ्याक्क यस्तै घटना थियो, जब नेपालमा सत्ताधारी तथा सत्ताधारी जातिहरु मधेशमा बस्नेहरुलाई अपमान गरेर मधेशी र मर्सिया भन्थे। पछि मातृकाप्रसाद यादव जस्ता नेताहरुले भन्न थाले-‘हो हामी मधेशी हो। गर्वसँ कहु, हम मधेशी छी। भगौडा नइ धरतीपूत्र छी ।’ अचेल भारतमा कोक्रोचहरु मोदीको सत्तालाई नराम्ररी हल्लाएको छ।

### पेपर लिक के हो ?

नेपालजस्तै भारतमा पनि मानव विज्ञान (एम.बी.बी.एस. /बी.डी.एस. / बी.ए.एम.एस. आदि विषयमा स्नातक) मा नामाकंन गराउन राष्ट्रिय स्तरको प्रवेश परीक्षा दिनु पर्दछ । जसलाई National Eligibility cum Entrance Test (NEET) परीक्षा भनिन्छ। परीक्षाको आयोजन नेशनल टेस्टिङ एजेन्सीले गर्दछ। यो एजेन्सी भारतको केन्द्रिय सरकार शिक्षा मन्त्रालय अन्तर्गत संचालित छ। नीट परीक्षाको प्रश्न पत्र पटक पटक लिक भएको इतिहास छ। वर्ष २०२४ मा पनि प्रश्न पत्र लिक (परीक्षा अघि नै बाजारमा आएको) भएको थियो । २०२६ को मईमा सम्पन्न नीट परीक्षाको प्रश्न पत्र पुनः लिक भयो । केहि थान कर्मचारी र बिचौलियालाई पक्राउ गरिएपनि परीक्षाको प्रश्नपत्र, परीक्षा सञ्चालन तथा उत्तर पुस्तिका जाँचसम्म गर्ने अधिकार प्राप्त नेशनल टेष्टिङ एजेन्सीका पदाधिकारी तथा शिक्षा मन्त्री धमेन्द्र प्रधानमाथि कार्यवाही गरिएन । परीक्षामा भारतभरिबाट झण्डै २२ लाख परीक्षार्थी सहभागी भएका थिए। प्रश्नपत्र आउट भएपछि मिहिनेत र खर्च बर्बाद भयो भन्दै दुःखी भएर झण्डै २० जना परीक्षार्थी आत्महत्या गरेका थिए । विद्यार्थीहरुको भविष्यमाथि खेलवाड गर्ने शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजिनामा मांग गर्दै कक्रोच जनता पार्टी शान्तिपूर्ण आन्दोलनमा उत्रेको थियो।

### आन्दोलनकारीको निसानामा गोदी मिडिया

नरेन्द्र मोदीको दोश्रो इनिंग सुरु भएयता भारतीय मूलधारका मिडियाहरुलाई त्यहाँका स्वतन्त्र राजनीतिक विश्लेषक तथा पत्रकारहरु गोदी मिडियाको संज्ञा दिँदै आएका छन् । गोदी मिडिया अर्थात् प्रधानमन्त्री नरेन्द्र मोदीका भजन मण्डली । जन्तर मन्तरमा देशँभरिका युवाहरु शान्तिपूर्ण आन्दोलन गरि रहदा निजी क्षेत्रका जी-न्युज, आजतक, एबीपीसँगै सरकारी दूर दर्शन जस्ता मिडियाहरु आन्दोलनको विरोधमा विष वमन गर्दै थिए। दूर दर्शनका सुधीर चौधरीको प्रश्न थियो-‘आन्दोलनकारीहरुले पिताका उमेरका सुरक्षाकर्मीमाथि दुरव्यावहार गरे ।’ जबकि उनि भन्न सक्थे-‘सुरक्षाकर्मीहरुले आफ्ना छोरा छोरीका उमेरका युवाहरुमाथि आक्रमण गरे ।’ गोदी मिडियाका अर्का भेट्रान पत्रकार अर्नव गोस्वामीले त अभिजीत दिपकेलाई दंगाई र लिंचिङ बिग्रेडका लिडर सम्म भन्न भ्याए। अर्नव गोस्वामीले दिपकेसंग प्रश्न गरे-‘कोचिङ सेन्टर चलाएर लाखौं करोडौ कमाउँनेसंग कति सम्पति छन् ? सोध्ने हिम्मत छ ?’ मलाई अचम्म लाग्छ- कोचिङ सञ्चालकसंग सम्पतिको बेहोरा माग्ने सरकार हो कि दीपके ??

युवा आन्दोलनमा यदि कुनै सबभन्दा बढी बदनाम भएको छ भने त्यो हो गोदी मिडिया। गोदी मिडियासंग आवद्ध पत्रकारहरुलाई कार्यक्रमस्थलबाट अपमान गरेर धपाइयो। केहीमाथि हातपात समेत भयो। मिडियाकर्मीमाथि अपमानपूर्ण व्यावहारको म व्यक्तिगतरुपमा विरोध गर्दछु । तर मिडिया तथा मिडियाकर्मीहरुले पनि के हेक्का राख्नु पर्दछ भने लोकतन्त्रमा मिडिया जनताको बोली बोल्छ। प्रतिपक्षको भूमिका निर्वाह गर्दछ। कुनै नेता वा सरकार प्रमुखको सीतल छायामा बसेर युवाहरुको सपनासंग खेलवाड गर्दैन।

आन्दोलनको आयतन देखेर प्रतिपक्षी दल, सर्वोच्च अदालतका वकिल, पत्रकार, साहित्यकार तथा वलिउडका ख्यातिप्राप्त नामहरु आन्दोलनप्रति ऐक्यवद्धता जनाउँन थालेका छन् । राजधानी दिल्लीबाट सुरु भएको युवा आन्दोलन देशभरि फैलिन थालेको छ। युवा शक्तिको अगाडि मोदी सरकार पनि झुक्न थालेको छ। गोदी मिडियाका भेट्रान एंकरहरु मिडियाकर्मीहरुमाथि भईरहेको दुरव्यावहार रोक्न अपिल गर्न थालेका छन्। अर्को शब्दमा भनौ भने हिन्दीको उखान जस्तै वल्ल उँट पहाडको तल आएको छ। तर म भन्छु- ‘बहुद देर करदी, हजूर आते आते।’

> युवा आन्दोलनमा यदि कुनै सबभन्दा बढी बदनाम भएको छ भने त्यो हो गोदी मिडिया । गोदी मिडियासंग आवद्ध पत्रकारहरुलाई कार्यक्रमस्थलबाट अपमान गरेर धपाइयो । केहीमाथि हातपात समेत भयो । मिडियाकर्मीमाथि अपमानपूर्ण व्यावहारको म व्यक्तिगतरुपमा विरोध गर्दछु । तर मिडिया तथा मिडियाकर्मीहरुले पनि के हेक्का राख्नु पर्दछ भने लोकतन्त्रमा मिडिया जनताको बोली बोल्छ । प्रतिपक्षको भूमिका निर्वाह गर्दछ । कुनै नेता वा सरकार प्रमुखको सीतल छायामा बसेर युवाहरुको सपनासंग खेलवाड गर्दैन ।

# बाल पोषण भत्तामा पनि भ्रष्टाचार

**टुडे समाचारदाता**

जनकपुरधाम। महोत्तरीको तत्कालिन भरतपुर गाविसको बाल संरक्षण भत्ता हिनामिनामा तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको साविक भरतपुर गाउँ विकास समितिको आर्थिक वर्ष २०६८/६९ को बाल संरक्षण भत्ता वितरणमा भएको हिनामिना सम्बन्धी प्रकरणमा तीन जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आयोगका अनुसार तत्कालीन भरतपुर गाविसका सचिव महेश्वर महतो कोइरी, तत्कालीन कार्यालय सहायक हाल गौशाला नगरपालिका-४ का वडा सचिव उमाकान्त महतो तथा तत्कालीन जिल्ला विकास समिति महोत्तरीका सहायक लेखापाल हाल भंगाहा नगरपालिकामा कार्यरत अधिकृत सुरुज साह विरुद्ध मुद्दा दायर गरिएको छ।

अनुसन्धानका क्रममा आर्थिक वर्ष २०६८/६९ मा बाल संरक्षण भत्ताका लागि जिल्ला विकास समिति महोत्तरीबाट भरतपुर गाविसलाई रु ३ लाख ७ हजार २०० निकासा भएको देखिएको छ। तर उक्त रकम वास्तविक लाभग्राहीलाई वितरण नगरी नक्कली भरपाई तयार गरी हिनामिना गरिएको आयोगले जनाएको छ। आयोगका अनुसार प्रतिवादीहरूले भत्ता वितरण गरेको देखाउन भरपाईमा आफैं तथा लाभग्राही बाहेक अन्य व्यक्तिबाट औँठाछाप गराई नक्कली कागजात तयार पारेका थिए। ती कागजातका आधारमा पेश्की फछ्र्यौट गरी सरकारी रकम दुरुपयोग गरिएको प्रयोगशाला परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको आयोगको दाबी छ।

आरोपपत्र अनुसार तीनै जनाले आपसी मिलेमतोमा झुट्टा कागजात तयार गरी नेपाल सरकारलाई रु ३ लाख ७ हजार २ सय बराबरको हानि पुऱ्याएको तथा सोही रकम बराबर गैरकानुनी लाभ लिएको आरोप छ।अख्तियारले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा १७ लगायतका प्रावधान अनुसार कसुर कायम गरी बिगो असुल, कैद तथा बिगो बराबर जरिवानाको मागदाबी गर्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको जनाएको छ।

# गोली फायर गर्दै दुई भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केबरमा प्रहरीले गोली चलाएर दुई जना भारतीय लागुऔषध कारोबारीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार राज्य मधुबनी जिल्लाका हरलाखी थाना वडा नम्बर ५ का २६ वर्षीय सन्तोष कुमार महतो र बासोपट्टी थाना वडा नम्बर २ का ४५ वर्षीय मिथिलेश साहु रहेका छन्।

शुक्रबार दिउंसो अढाई बजेतिर मिथिला नगरपालिका ६ ढल्केबरबाट जनकपुर जाने सडकमा प्रहरीसँग जम्काभेट भएपछि भाग्न लागेका कारोबारीलाई पक्राउ गर्न एक राउण्ड हवाई फायर गरिएको लागुऔषध नियन्त्रण ब्यूरोका एसएसपी सुवास बोहराले जानकारी दिएका छन् । आरोपीहरूको साथबाट प्रहरीले ९५ ग्राम ५९०



मिलिग्राम खैरो हेरोइन बरामद गरेको छ।

ढल्केवरस्थित बसी खोला छेउमा रहेको लक्ष्मिनिवास जाने भित्री सडक खण्डमा भारतबाट नेपाल आई लागु औषधको कारोबार हुदैछ भन्ने बिषेश सुचनाको आधारमा इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षकको कमाण्डमा र लागु औषध व्युरो बर्दिवास महोत्तरी समेतको खटिएको संयुक्त टोलीले पैदल आउदै गरेको शंकास्पद दुई जना मानिसहरुले प्रहरी टोलीलाई देखी भाग्ने क्रममा तिनीहरुलाई पक्राउ गरिएको जनाइएको छ।

ईप्रका ढल्केवरका अनुसार लागू औषध ब्यूरोबाट खटिएका असाई प्रकाशराज थापाले टाईप ५४ ( ठुलो चापे) चाईनिज पेस्तोल बाट १ राउण्ड हवाई फायर गरी भाग्दै गरेका ती लागू औषध कारोबारीलाई पक्राउ गरेका हुन।

पक्राउ परेकाहरुको खानतलासी गर्ने क्रममा महत्तो पाईन्टको गोजीबाट लागू औषध खैरो हिरोईन जस्तो देखिने ९५.५९० ग्राम गिलो पदार्थ फेला परेको ईप्रका ढल्केवरले जनाएको छ । पक्राउ परेका भारतीय नागरिकद्वयमाथि लागुऔषध ऐनअनुसार थप अनुसन्धान तथा कानुनी कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ।

# अतिक्रिमित जग्गाको खोजी शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी र गुठी संस्थानका अतिक्रमित जग्गाको खोजी सुरु गरिएको छ । भूमि अतिक्रमणमा संघीय सरकारको चासो बढेपछि संस्थानले जग्गाको लगत संकलन र अतिक्रमित जग्गा खाली गराउने प्रक्रिया प्रारम्भ गरेको हो।

गुठी संस्थानले मठमन्दिर र पोखरी अतिक्रमण गरी भौतिक संरचना बनाएर बसेकाहरुलाई जग्गा खाली गर्न सूचना जारी गरेको छ। गुठी जग्गाको मालिक सम्बन्धित गुठी वा गुठी संथान हो, र गुठी जग्गालाई रैतानी गर्ने प्रक्रिया संविधानसँग बाझिएको भन्दै अदालतले विसं २०६४ माघ १० गतेको फैसलाबाट रोक लगाएको छ।

गुठी जग्गा कमाउनेले स्वतः मोहियानी हक नपाउने सर्वोच्च अदालतको फैसलामा उल्लेख छ । संस्थानका प्रशासन प्रमुख ध्रुव घिमिरेको संयोजकत्वमा गठित कार्यदलले जनकपुरधामस्थित गुठी र गुठी संस्थानका जग्गा सात दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गरेको थियो।

जनकपुरधाममा गुठी संस्थानका ४९ वटा पोखरी छन् । सात वटा पोखरीको लगत संकलन कार्य अन्तिम चरणमा पुगेको छ भने पाँच वटा पोखरी लोप भइसकेको गुठी संस्थान जनकपुरधामका प्रमुख किशोरकुमार झाले जानकारी दिएका छन्।

पोखरी पुरेर बस्ती, होटल, अस्पताल, व्यापारिक प्रतिष्ठान र कलेज निर्माण गरिएको उनले बताए । गुठी संस्थानसँग जग्गाको अद्यावधिक अभिलेख नरहेकाले अतिक्रमणको वास्तविक अवस्था अझै स्पष्ट हुन सकेको छैन।

जनकपुरधाममा गुठी संस्थानका करिब २२ देखि २५ विघा जग्गा अतिक्रमणमा परेको हुन सक्ने अनुमान गरिएको प्रमुख झाको रहेको छ। उनका अनुसार रत्न सागरमा करिब नौ बिघा र बेलाकुट्टीमा करिब चार बिघा भन्दा बढी जग्गा अतिक्रमणमा परेको अनुमान छ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी
कृषि स्नातक (B.Sc.Ag. Hons)
तहको प्रवेश परिक्षाको Online
आवेदन फाराम भर्ने सम्बन्धी
सूचना



शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं
- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगतविवरण,पासवर्डरगोप्यजानकारीसुरक्षित राख्न सिकाऔं,
- अपरिचितव्यक्तिसंगअनलाइनसम्पर्कगर्दासावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेटप्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइनदुर्व्यवहारभए/गरेकोपाइएमानजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.द.नं. ९१/०५७/५८